# Political Economic Digest Series 9

Dear Political Economic Digest Series participant,

Welcome to the ninth series of the Political Economic Digest. In the last series we discussed about the concept of limited government and why it is needed for the development of an economy. Contrary to what we are led to believe on, an expansive and interveneing government is very disastrous to an economy. A limited but efficient government can contribute in the economic growth of a country.

In this series, we'll be discussing about the free markets, myths and facts about free markets and if Nepal really is a free market economy as our politicians generally claim. As we discussed in our previous series free markets as observed around the world bring economic growth and prosperity. The experience of the developing countries for the past 50 years of aided development has shown us that foreign aid is almost next to useless and in fact in many cases counter productive for the economic growth of these countries. Countries such as Congo, Niger that receive the highest aount of aid still remain as poor as they were at the time they started receiving aid whereas countries that have attuned their polices and institutions towards free markets have grown fast and have almost achieved the same living standards as the western countries.

A free market is a market in which economic intervention and regulation by the state is limited to tax collection and enforcement of private ownership and contracts. It is the opposite of a controlled market, in which the state directly regulates how goods, services and labor may be used, priced, or distributed, rather than relying on the mechanism of supply and demand. To function freely and properly markets need certain institutions such as rule of law, properly enforced contract laws and strong, secure private property rights. Despite the abundant examples of growth and prosperity brought about by markets, free markets receive a lot of criticisms, especially in least developed countries like ours where public understanding of free markets is quite low and the political scenario is dominated by ideologies that are against free markets and property rights. We will be discussing about free markets and myths about them in our readings.

First reading for these series is an introduction to free market and market economy excerpted from a pocketbook published by Samriddhi, The Prosperity Foundation on the virtue of markets.

Second reading for the series is the Nepali translation of an article by Dr. Tom Palmer in which he debunks some popular myths about free markets.

Third is an article that argues that Nepalese economy is miles away from being a free market economy although the prevailing opinion is that Nepal's economic model if free market based.

**Please scroll down to find the readings and the questions to think about.**

## बजारको परिचय

नेपालको ग्रामिण भेगहरुमा हप्ताको कुनै एक दिन हाट बजार लाग्ने चलन धेरै ठाँउहरुमा पहिले देखि चलिआएको चलन हो, जहाँ उक्त दिन गाँउका सबै मानिसहरु आफूले उत्पादन गरेका वस्तुहरु ल्याई त्यसलाई विक्री गर्छन् र आफूलाई चाहिएको सर-सामग्रीहरु अरुबाट किन्छन्। आफ्नो उत्पादनका वस्तुहरु बेच्न नल्याउनेहरु पनि खरिद गर्न भने हाट बजारको प्रतिक्षामा हुन्छन्। हाट बजारको यो उदाहरणले हामीलाई बजार भनेको के हो भनेर स्पष्टसँग बुझ्न मद्दत गर्छ। उदाहरणमा दिइएको अवस्थामाझैं समाजमा हुने यस्ता अनगिन्ती लेनदेनलाई साधारणतया बजार भनेर बुझ्ने गरिन्छ जँहा मानिसहरु आफूसँग भएको कुराको बदला आफूलाई चाहिएको कुरा अर्को व्यक्तिसँग लिन्छन्। समाजको विकासको प्रारम्भिक दिनहरुमा पैसा भन्ने कुरा प्रचलनमा नआँउदा यस्तो लेनदेन वस्तुहरुको बीच मात्र हुन्थ्यो, जस्तै धानको बदला नून, गाईको बदला गोरु, तेलको बदला बेसार, घट्टमा मकै पिनेर पिठो बनाएबापत केही पाथी मकै आदि इत्यादी। अहिलेको समयमा पनि यस्तो आदानप्रदानको अभ्यास नहुने त होइन तर समाजको विकास हुँदै जाँदा पैसा भन्ने कुराको आविष्कार र प्रयोगले बजारमा मानिसहरुको सहभागीता र वस्तुहरुको प्रकार, मात्रा आदि छान्न पाउने अवसरलाई मन्याय रुपमा विस्तार गरेको पाइन्छ। अहिले मानिसहरु आफूसँग भएका सेवा वा वस्तुहरुको बदला पैसा लिन्छन् र त्यसले आफुलाई चाहिएको र मन परेको अनगिन्ती वस्तुहरु किन्छन्। अहिले मान्छेहरुलाई धानको बदला नून नै लिनुपर्ने बाध्यता छैन। धान बेचेर आएको पैसाले मानिसहरु अब घुम्न जान्छु वा आफूले चाहेको कुनै पनि कुरा गर्छु वा किन्छु पनि भन्न सक्छन्।

दुई वा बढी व्यक्तिहरु वा समूहहरु बीच हुने यस्तो लेनदेन वा भनुँ विनियम स्वेच्छामा आधारित हुन्छ र यसमा भाग लिने दूवै तर्फका व्यक्तिहरु आफ्नो आवश्यकता वा इच्छा अनुसारको कुरा प्राप्त गर्ने अपेक्षाले उक्त लेनदेनमा सहभागी हुन्छन् । कसैको दबाब विना आफ्नो इच्छा र आवश्यकता पूरा हुने देखेको खण्डमा नै दूवै तर्फका व्यक्तिहरु यस्तो लेनदेनमा सहभागी हुन्छन्। त्यसैले त जब हामी कुनै पसलमा सामान किन्न जान्छौं, हामी पनि धन्यवाद भन्छौं र पसलेले पनि धन्यवाद नै फर्काएको पाँउछौं। यसमा हामीले आफूले इच्छाएको वा आवश्यक परेको वस्तु पाँउछौं भने पसलेले उक्त सेवा अनुसार पैसा प्राप्त गर्छ जुन उसले आफ्नो जीवनको अरु आवश्यकताहरु र इच्छाहरु पूर्ति गर्न प्रयोग गर्न सक्छ। बजारका धेरै गुणहरुमध्ये यी प्रमुख हुन्।

बजारका यस्तो लेनदेनमा सहभागी हुने दुई पक्षलाई साधारणतया दुईवटा नामले चिनिन्छ, व्यापारी (सेवा वा वस्तु प्रदायक) र ग्राहक (सेवा वा वस्तुको मूल्य तिरी ग्रहण गर्ने)। यो लेनदेनको स्थितिलाई व्यापार भनिन्छ। प्रख्यात फ्रान्सेली दार्शनिक भोलटायरले व्यापारको बारे लेखेका एक पत्रमा भनेका छन् कि “व्यापार, जसले बेलायतको नागरिकवर्गमा धन ल्याएको छ, यसले उनीहरुलाई स्वतन्त्र हुन मद्दत गरेको छ र फेरि पनि स्वतन्त्रताले बजार विकास गरेको छ।” यो भनाइलाई ध्यानमा राख्ने हो भने समाजको विकासक्रम सँगै मानवसभ्यताको कमिक विकासमा मानिसहरु स्वतन्त्रतापूर्वक सम्मानजनक र सुविधायुक्त जीवनयापन गर्न सफल हुँदै आउनुमा बजार र व्यापारको ठूलो भूमिका रहेको कुरा बुझिन्छ। यस पाकेटबुकमा बजारका यस्तै विविध गुणहरको बारेमा संक्षिप्त रुपमा चर्चा गरिनेछ।

## अर्थतन्त्रका प्रकारहरु र बजार अर्थतन्त्र

कुनै पनि आर्थिक व्यवस्थामा वस्तु तथा सेवाहरुको उत्पादन, उपभोग र वितरणको निर्णय गर्ने प्रकियाहरु हुन्छन्। एकातिर उत्पादनकर्ता र उपभोगकर्ताहरु , जो अर्थतन्त्रका वहाकहरु हुन्, यी दुई वर्गले उत्पादन, उपभोग र वितरणको निर्णयहरु आफैं स्वस्फूर्त तरिकाले गरेको अवस्था हुन सक्छ भने अर्कोतिर यस्ता निर्णयहरु एउटा संस्था, मानौं एउटा योजना आयोगले उत्पादनकर्ता र उपभोगकर्ताहरुको नाममा लिने गरेको पनि पाइन्छ। यदि के, कति मात्रामा, कसरी उत्पादन गर्ने र उत्पादन गरेको कुरा कसले कसरी उपभोग गर्ने आदि कुराहरुको निर्णय एउटा केन्द्रिय संस्थाले गर्छ भने त्यस्तो अर्थतन्त्राई निर्देशित अर्थतन्त्र भनिन्छ। यस्तो निर्देशित अर्थतन्त्रको चरम अवस्था भनेको समाजवादी वा कम्युनिष्ट अर्थतन्त्र हो। त्यसको ठीक विपरित त्यस्तो व्यवस्था पनि छ, जसमा सीमा पारका वाणिज्य र लगानी

निर्णयहरु राज्यको हस्तक्षेप विना पनि स्वतन्त्र आर्थिक वहाकहरुले नै लिन सक्छन्। यो अवस्थामा भने पुँजीवाद वा बजार अर्थतन्त्र भएको भन्न मिल्छ।

बजार भन्नाले हामीले सँधै सामानहरु खरीद विक्री गर्ने बजार मात्रै होइन, बलकि व्यापक अर्थमा निश्चित संस्थागत व्यवस्थाहरुले व्यवस्थित हुन्छन्। तसर्थ, कुनै अर्थतन्त्र कस्तो प्रकारको हो भनी हेर्न निश्चित संस्थागत व्यवस्थाहरुलाई नियालेर हेर्नु जरुरी छ। बजार अर्थतन्त्रमा सरकारको कुनै हस्तक्षेप हुँदैन। साधन एवं स्रोतहरु कसरी परिचालन गर्ने भन्ने निर्णय व्यक्तिगत उत्पादनकर्ताहरु र उपभोक्ताहरुले स्वतन्त्र रुपमा गर्ने निर्णयमा भर पर्छ। निर्देशित अर्थतन्त्रमा जस्तो सम्पूर्ण निर्णयहरु केन्द्रिकृत नभई बजार अर्थतन्त्रमा यस्ता निर्णयहरु विकेन्द्रीकृत हुन्छन्। यस्तो अर्थतन्त्रमा सरकारले केवल नियम कानूनको कार्यन्वयन गर्ने तथा सुरक्षाको प्रत्याभूति दिने बाहेक अन्य आर्थिक विषयहरुमा आदेश गर्दैन। बजार अर्थतन्त्रको विकास laissez-faire भनिने फ्रान्सेली युक्तिको उपजको रुपमा लिन सकिन्छ। १८ औं शताब्दीतिर फ्रान्सेली दर्शनशास्त्रीहरुले यसको प्रयोग गरिएको पाइन्छ जसको अर्थ गर्न देऊ, जान देऊ (let do, let go, let pass) को रुपमा बुझिन्छ। बजार अर्थतन्त्रमा पनि मानिस तथा वस्तुहरुलाई सीमा भित्र वा सीमा पार स्वतन्त्रापूर्वक आवतजावत गर्न दिइनुपर्छ भन्ने मान्यता पाइन्छ।

बजार अर्थतन्त्रमा सबै आफ्नै लागि काम गर्छन् तर सबैको कामको उद्देश्य भनेको अरु व्यक्तिहरुको आवश्यकता र इच्छालाई बुझेर सोही अनुसार वस्तु तथा सेवाहरु उत्पादन गरी आफ्नो लाभ हुने अवस्थाको श्रृजना गर्नु हो। यसरी बजार अर्थतन्त्रमा सबैले आफ्नो उद्देश्य परिपूर्ति गर्ने क्रममा अरु मानिसहरुको आवश्यकताहरुपनि परिपूर्ति गरिरहेका हुन्छन्। यो व्यवस्थमा उत्पादनका साधन पनि निजी स्वामीत्वमा हुन्छ। यसरी हेर्दा पुँजीवाद र बजार अर्थतन्त्र एक अर्कासँग सम्बन्धित छन् किनकि बजार अर्थतन्त्रमा सम्पत्तिको अधिकार स्पष्ट हुनु जरुरी छ। बजार पद्दतिमा मूल्यको प्रमुख भूमिका हुन्छ किनकि मूल्यले नै स्वतन्त्र बजारमा सम्पूर्ण सूचनाको संकेतको प्रतिनिधित्व गर्छ।

बजार अर्थतन्त्रको प्रमुख केही विषेताहरु यसप्रकार छन्:

क) विनियम र विशिष्टिकरण (Exchange and Specialization)

बजारको सबै भन्दा महत्वपूर्ण पक्ष भनेको विनियम (Exchange) हो। मुद्राको प्रयोग हुनुभन्दा पहिला बजारमा विनियम हुन्थ्यो, अर्थात मानिसहरु एक वस्तुको सट्टा अर्को वस्तु या सेवाको आदानप्रदान गर्दथे । तर विश्वमा मुद्राको विकास भएपछि भने आज संसारका हरेक देशमा मुद्रालाई विनियमको माध्यम मानिन्छ।

बजारमा अर्थतन्त्रको एउटा प्रमुख गुण भनेको यसमा उत्पादकहरुबीच प्रतिस्पर्धा हुन्छ, विषेश गरी ती उत्पादनहरुमा जुन एकै प्रकारका हुन्छन् वा भनुँ एकै प्रयोजनका लागि उत्पादित हुन्छन्। उदाहरणका लागि दाँत माझ्ने मञ्जनलाई लिऔं। दाँत माझ्ने मञ्जनका सयौं उत्पादनहरु बजारमा पाइन्छन्। कुनै हर्बल छन्, कुनैमा विषेश फ्लेभर हुन्छ, कुनै गुलियो हुन्छ, कुनै नूनिलो पनि हुन्छ। यसरी उत्पादन फर्महरु बीच प्रतिस्पर्धा हुने हुनाले फर्महरुले उत्पादनमा विशिष्टिकरण (Specialization) हासिल गर्नुपर्ने हुन्छ किनकि प्रत्येक फर्मले बजारमा उत्पादन कायम राख्न नाफा आर्जन गर्नु जरुरी छ। उत्पादनमा विशिष्टिकरण र उत्पादित वस्तुहरुको स्वतन्त्र विनियम हुनु बजार अर्थतन्त्रको प्रमुख विषेता हो।

ख) बजार मूल्य

बजार एउटा ठाँउ या वस्तु या सामुदायिक तत्व होइन। बजार वास्तवमा एउटा प्रक्रिया हो जसमा थुप्रै व्यक्तिहरुबीच श्रमको विभाजन हुन्छ र मानिसहरु एक अर्कासँग लेनदेन र सहकार्य गरिरहेका हुन्छन्। बजारको प्रवाह निर्धारण गर्ने तत्वहरु भनेको यसमा सहभागी हुने व्यक्तिहरुको मूल्य, मान्यता र समझदारी अनुसार गरिने निणर्यहरु र ती निर्णयहरु

अनुसारका क्रियाकलापहरु हुन्। जुनसुकै बेला पनि यी निर्णयहरु र बजारका सबै सूचनाहरुको संकेत भनेको मूल्य संरचना नै हो जसले विक्री गर्न चाहने र खरिद गर्न चाहनेको बीचको अन्तरक्रियाको समग्रतालाई प्रतिबिम्बीत गर्दछ। बजार मूल्यहरुले नै उत्पादकहरुलाई के, कति, कसरी र कति मात्रामा उत्पादन गर्ने भन्ने कुरा भन्दछ।

बजार मूल्यको बजार अर्थतन्त्रमा निकै ठूलो भूमिका हुन्छ। यहाँ बजार मूल्य भनेको कुनैपनि वस्तुको बजार माग र बजार पूर्तिको अन्तरक्रियाबाट निर्धारित हुने मूल्यलाई जनाँउछ। व्यक्तिगत उपभोक्ताहरु र उत्पादकहरुका विभिन्न निर्णयहरुको परिणाम स्वरुप मूल्ु तय हुन्छ। मूल्यले वस्तु तथा साधनको बाँडफाँडमा ज्यादै महत्वपूर्ण भूमिका खेल्दछ। तसर्थ, बजार अर्थतन्त्रमा मूल्यले सम्पूर्ण सूचनाको संकेत गर्छ भन्ने मान्यता राखिन्छ।

## बजार अर्थतन्त्रले ल्याउने परिणामहरु

बजार अर्थतन्त्र भएमा समाजमा के कस्ता असरहरु देखिन्छन् भन्ने कुराको छलफल तल गरिएको छ। बजार अर्थतन्त्रका धेरै सकारत्मक परिणामहरुमध्येका केही प्रमुख तल बयान गरिएका छन्। सामान्यतः बजार अर्थतन्त्रले उच्च व्यक्तिगत स्वतन्त्रता भएको नविन पद्धतिहरु विकास गर्ने, विधिको शासनमा चल्ने उद्यमशील र उपभोक्तामुखी समाजको निर्माणमा सहयोग पुऱ्याँउछ।

**क) उच्च व्यक्तिगत स्वतन्त्रता**

बजार अर्थतन्त्रको आधारशिला नै व्यक्तिगत स्वतन्त्रता हो। वास्तवमा बजार अर्थतन्त्रमा जति व्यक्तिगत स्वतन्त्राको रक्षा र प्रत्याभूति कुनै व्यवस्थामा पनि हुँदैन। कुनै पनि व्यक्तिले बजारमा आफूले चाहेको कुनै पनि उत्पादन खरिद वा विक्री गर्न पाउने स्वतन्त्रता हुनु यसको यस व्यवस्थाको एउटा जरुरी अवस्था हो । अर्थात बजार अर्थतन्त्र मानिसहरुको स्वेच्छामा आधारित हुन्छ। उदाहरण्का लागि कुनै पनि उपभोक्ताले कुनै पनि उत्पादकबाट खरिद गर्न पाउने स्वतन्त्रा हुन्छ भने सोही स्वतन्त्रता उत्पादकलाई पनि विक्री गर्ने कुरामा हुन्छ। यसमा कसले, कति पैसामा, कसलाई, कसरी, के र किन बेच्ने आदि जस्ता निर्णय लिन दूवै पक्ष स्वतन्त्र हुन्छन्। दूवै पक्षले कुनै पनि किसिमको बल प्रयोग नगरी एक अर्कासँग सहमतिमा आएपछि मात्र उक्त विनियम हुन्छ।

यसका साथै आफ्नो सीप, दक्षता र इच्छा अनुसार आफूले चाहेको ठाँउमा काम गर्न पाउने स्वतन्त्रता पनि बजार व्यवस्थामा हुन्छ। मानिसहरु आफ्नो लागि सबैभन्दा उत्तम र फाइदाजनक निर्णयहरु लिन स्वयं सक्षम छन् भन्ने मान्यतामा आधारित यस व्यवस्थामा अर्थतन्त्रका बाहकहरु (उत्पादक तथा उपभोगताहरु) को निर्णयलाई प्रभावित गर्न कुनै पनि प्रकारको बल प्रयोग पटक्कै स्वीकार्य हुँदैन। बजार अर्थतन्त्रको संस्थागत आधार र निर्देशित अर्थतन्त्रको संस्थागत आधार छुट्टिने ठाँउ भनेको स्रोतहरुको निर्धारणमा हो। बजार अर्थतन्त्रमा स्रोत निर्धारण बजार मूल्यमा आधारित हुन्छ भने निर्देशित अर्थतन्त्रमा प्रशासनिक निर्णयका आधारमा मूल्य तथा स्रोतहरु निर्धारण गरिन्छ। यस कारणले पनि कारोबार गर्ने कुरामा उच्च व्यक्तिगत स्वतन्त्रता बजार अर्थतन्त्रमा हुन्छ।

तसर्थ, व्यक्तिगत स्वतन्त्रतालाई सम्मान गरी त्यसलाई प्राथमिकतामा राख्ने वातावरणको श्रृजना बजार अर्थतन्त्रले गर्दछ।

**ख) उद्यमशीलता र नविन पद्धतिको विकास**

बजार अर्थतन्त्रको आधारशिला उद्यमशीलता हो अर्थात बजार अर्थतन्त्रका प्रमुख संवाहक उद्यमीहरु हुन् जसले अरु मानिसहरुका इच्छा र आवश्यकताहरुलाई बुझ्रेर सोही अनुसार श्रोतहरु जुटाइ ती श्रोतहरुलाई मिलाएर उपयोग गर्ने नयाँ नयाँ पद्धतिहरुको विकास गरी बजारमा माग भएअनुसारका उत्पादनहरु पैदा गर्छन्। जब यी स्रोतहरुको उपयोग

गरेर निकालिएको उत्पादनको मूल्य ती स्रोतहरुले अन्यथा उत्पन्न गर्न सक्ने मूल्य भन्दा बढी हुन्छ, तब उद्यमीहरुले नाफा गर्न सक्छन् अन्यथा उनीहरुले घाटा सहनुपर्ने हुन्छ। यसो हुँदा स्रोतलाई प्रभावकारी रुपमा निर्धारण र प्रयोग गर्ने कुरामा उद्यमीहरु सिपालु हुनुपर्छ। अन्यथा उद्यमीले घाटा व्योहनुपर्ने हुन्छ।

उद्यमशीलता नै वास्तवमा त्यो शक्ति हो जसले गरेर बजारमा नविन पद्धतिहरुको विकास हुन्छ। उदाहरणका लागि, पहिला पहिला कम्पयुटरहरु असाध्यै ठूल-ठूला, अटाउनलाई एउटा ठूलो कोठा नै चाहिने जत्रा हुन्थे। तर समयको विकाससँगै जब यस उपकरणको प्रयोग बढ्दै गई मानिसहरुले यसको उपयोगिता महसुस गर्दै गए, यसको बजार बढ्ने क्रममा उद्यमीहले द्रुत गतिमा यस उपकरणका नविन पद्धतिहरु विकास गर्दै गए। फलस्वरुप आजकल झोलामै बोकेर हिँड्न मिल्ने, हल्का, बहुआयामिक र अत्यन्तै उपयोगी डेस्क टप र ल्याप टपको प्रयोग हामीले गर्न पाइरहेका छौं। बजारमा यस्ता नविन पद्धतिहरुको विकास भई जीवन सरल, सजिलो र सुविधायुक्त हुँदै गई धेरै मानिसहरुको जीवनस्तरमा सुधार आउनुमा उद्यमीहरुको ठूलो हात छ।

तर कस्तो अवस्थामा समाजलाई अत्यन्त जरुरत पर्ने उद्यमशीलता फस्टाँउछ त भन्दा, बजार अर्थतन्त्र नै यसको लागि सबै भन्दा उपयुक्त वातावरण हो र यसका केही महत्वपूर्ण कारणहरु छन्। बजार अर्थतन्त्रमा पहिलो त उद्यमीहरु नवीन पद्धतिहरु विकास गर्न स्वतन्त्र हुन्छन्। त्यस्तै खुल्ला बजारमा उद्यमीहरुबीच प्रतिस्पर्धा हुने हुनाले त्यस्तो प्रतिस्पर्धामक वातावरणमा नविन पद्धतिहर विकास हुने कुराको कयौं उदाहरणहरु छन् । त्यसै गरी बजार अर्थतन्त्रमा सम्पत्तिको अधिकारको सुनिश्चतता पनि एक महत्वपूर्ण अवस्था हुँदा उद्यमीहरुलाई काम गरी धन आर्जन गर्ने सुरक्षित र प्रेरणादायी वातावरण पनि हुन्छ। तसर्थ, बजार अर्थतन्त्रमा नै सबैभन्दा धेरै उद्यमशीलता र नविन पद्धतिको विकास हुन्छ।

### ग) विधिको शासन

बजार अर्थतन्त्रको अर्को प्रमुख आधारशिला भनेको विधिको शासन हो। कानूनी रुपमा मजबुत र बलियो न्याय व्यवस्था भएको, तुल्नात्मक रुपमा स्थिर समाजलाई जरुरी पूर्वशर्त मानेर नै बजार अर्थतन्त्र चल्ने हुँदा यस अर्थतन्त्रमा विधिको शासनको सम्मान हुन्छ। तर विधिको शासन भन्नाले लोकतन्त्रको विस्तृत परिभाषा भन्दा बढी बुझनुपर्ने हुन्छ। बजार अर्थतन्त्रमा विधिको शासनले सुनिश्चित गर्नुपर्ने कुराहरु भनेको आर्थिक क्रियाकलापहरुमा सरकारी हस्तक्षेप नियन्त्रण गर्ने, उद्यम गर्नका लागि स्थिर वातावरण राख्ने, स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्ने, सम्पत्तिको अधिकार राम्ररी परिभाषित र सुरक्षित गर्ने र करार पालना राम्ररी गर्ने आधारहरु निर्माण गर्ने आदि हुन्।

विधिको शासनका यी पूर्वावस्थाहरु पूरा नगरेको खण्डमा त्यो वास्तविक रुपमा बजार अर्थतन्त्र हुँदैन र कतिपय अवस्थामा बजार अर्थतन्त्र भनिएको तर विधिको शासनका यी पूर्वावस्थाहरु पूरा नभएको अवस्थामा कयौं विकृतिहरु देखा पर्छन्। उदाहरण्का लागि, नेपालमा देखिएको व्यापक सिन्डिकेट र कार्टेलिङ्गको अवस्थालाई हेर्न सकिन्छ। विधिको शासन सुनिश्चित नभएको खण्डामा बजारमा सेवा तथा सुविधा उपल्ब्ध गराउने निजी क्षेत्रका व्यक्तिहरुद्वारा नै प्रतिस्पर्धामा रोक लगाउन सिन्डिकेट र कार्टेलिङ्ग गरिन्छ। यसको उदाहरण नेपालमा नै धेरै क्षेत्रहरुमा देख्न सक्छ जसको एउटा प्रमुख उदाहरणको रुपमा यातायत सुविधाको क्षेत्रलाई लिन सकिन्छ।

तसर्थ, बजार अर्थतन्त्र अँगाल्ने हो र यसका फाइदाहरुद्वारा समृद्धि हासिल गर्ने बाटो तर्फ लम्कने हो भने विधिको शासन स्थापना गर्नु अपरिहार्य हुन्छ र तसर्थ बजार अर्थतन्त्रलाई राम्ररी लागू गर्ने तर्फ लाग्दा विधिको शासन तर्फ समाज उन्मुख हुन्छ।

### घ) उपभोक्तामुखी समाज

बजार अर्थतन्त्र या भनुँ खुल्ला बजारले उपभोक्तामुखी समाजको विकास गर्न मद्दत गर्दछ। खुल्ला बजारका दुई प्रमुख गुणहरु स्वैच्छिक लेनदेन (विनियम) र प्रतिस्पर्धाले गर्दा उपभोक्तामुखी समाज निर्माण गर्न खुल्ला बजारको ठूलो भूमिका रहेको हुन्छ। उत्पादकहरुले बजारमा कुनै पनि उत्पादन लिएर आँउदा यदि उपभोक्ताहरुलाई उक्त उत्पादन मन परेमा या चित्त बुझेमा मात्र उपभोक्ताहरुले उक्त कुरा किन्छन्। त्यसमा पनि खुल्ला बजारमा त्यस्तै खाले उत्पादनहरु ल्याउनेहरु कयौं हुन्छन्। तसर्थ, ती सर्ब प्रतिस्पर्धीहरुको तुलनामा सस्तोमा अझ राम्रो उत्पादन उपलब्ध गराउन सकेमा मात्र उद्यमीहरु सफल हुन्छन्। यस्तो अवस्थामा उपभोक्ताहरुले कम भन्दा कम मूल्यमा राम्रो भन्दा राम्रो वस्तु तथा सेवाहरु पाउन सक्छन्।

मानव आवश्यकता र इच्छाहरु असीमित हुन्छन्। स्वास्थ्य सुविधा, सूचना प्रविधि, दूरसंचार आदि लगायतका यावत कुराहरुमा हामी अझ बढी गुणस्तर र घट्दो मूल्य चाहन्छौं। हाम्रा यिनै असीमित चाहना र आवश्यकताहरुले बजारमा नविन पद्धतिहरुको विकास भई सेवा तथा सुविधाहरु कम मूल्यमा गुणस्तरीय र सर्वसुलभ रुपमा उपल्ब्ध गराउन मद्दत गर्दछ। खुल्ला बजार भनेकै लाखौं करोडौं व्यक्तिहरु आफ्नो स्वेच्छामा वस्तु तथा सेवाहरु उत्पादन गर्दै त्यसमा नयाँ प्रविधिहरु विकास गरी त्यसमा थप विषेताहरु राखी निरन्तर रुपमा उपभोक्ताहरुको चाहना बमोजिम पस्कनु हो। यसो गर्नुमा उद्यमीले पक्कै पनि आफू स्वयंको हित सोचेको हुन्छ र यसो सोची हेर्दा उक्त कुरामा उसको हित हुने भएकोले नै उसले त्यती धेरै मेहनत गरी उत्कृष्ट सेवा दिन ऊ अभिप्रेरित हुन्छ। तसर्थ, बजार व्यवस्थामा विद्यमान हुने यही अभिप्रेरणाले गर्दा नै बजारबाट यसरी राम्ररी सुविधा पाउने अपेक्षा हामी सँधै राख्न सकछौं ।

उपभोक्तावादलाई नराम्रो दृष्टिकोणले हेर्ने व्यक्तिहरुले उपभोक्तावादले हाम्रो जीवास्तरमा ल्याएको सुधारमाथि आँखा चिमिल्एको भन्न सकिन्छ। उदाहरणका लागि एक दशक अगाडि नै पनि नेपालमा टि.भि, मोबाइल फोन आदि जस्ता कुराहरु असाध्यै महँगा थिए र सीमित धनी व्यक्तिहरुमात्रै यसको उपयोग गर्न सक्षम थिए। तर समय सँगै यसको उपयोगको महत्व बढेको कुरा महसुस गरी विश्वका कयौं देशहरुका उद्यमीहरुले यसै अनुसार उत्पादन गर्दै अरु उद्यमीहरुले त्यही अनुसार उपल्ब्ध गराउदैं जाँदा नै आज यी कुराहरु यति सर्वसुलभ भएका छन्। अहिले मोबाइल वा टि.भि वा रेडियो विनाको समाज कल्पना गर्न गाह्रो हुने अवस्था आइसक्यो भन्दा अतियुक्ति नहोला।

बजार अर्थतन्त्रलाई राम्ररी नबुझ्दा धेरै व्यक्तिहरले यस्तो व्यवस्थामा एउटाको फाइदा अर्कोको नोक्सान हो भनेर भनि राखेका हुन्छन्। तर यो सत्य होइन। यदि कसैले कुनै सामान बजारमा किन्दा विक्रेतालाई त्यसबाट नाफा हुने भएपनि आफूले तिर्ने मूल्यभन्दा उक्त सामानको महत्व तिरेको मूल्य भन्दा बढी हुने महसुस भएमा मात्रै न उपभोक्ताले त्यो सामान किन्छन्। उदाहरणका लागि कसैले एउटा टेलिभिजन किन्दा तिरेको मूल्य भन्दा उक्त टेलिभिजनबाट लामो समयसँग पाइराख्ने सूचना, मनोरञ्न वा आनन्दलाई बढी महत्व दिने हुनाले नै उक्त व्यक्तिले स्वेच्छाले टेलिभिजन किन्ने निर्णय गर्ने न हो। यसमा टेलिभिजन किन्नेले पनि आफ्नो लागि महत्वपूर्ण टि.भि पाए भने विक्रताले पनि आफ्नो जीवनका कयौं प्रयोजनहरुमा काम लाग्ने केही फाइदा पैसाको रुपमा कमाए। दूवैले कुनै प्रकारको जबरजस्तीको सामाना गर्नुपरेन र दूवैले आफूले चाहेको कुरा पाए। त्यसैले बजार अर्थतन्त्र दईतर्फी फाइदाको बलमा नै अगाडि बढ्छ र यसमा कसैको फाइदा कसैको घाटा नै हुनु जरुरी छैन।

## बजार सम्बन्धी केही भ्रमहरु

बजारको संरचनाद्वारा सामाजिक समन्वयका समस्याहरु समाधान गर्ने कुराको गुण तथा त्यसमा आउने चुनौतीहरु बारे चिन्तन गर्ने क्रममा यसका बारेमा व्यापत केही सामान्य भ्रमहरुलाई प्रष्ट पार्नु उपयुक्त हुन्छ । भ्रम भन्नाले मेरो आशय त्यस्ता भनाइहरुतर्फ हो, जसलाई कुनै तर्क वा प्रमाणले पुष्टयाउने जरुरत नै महसुस नगरी सत्य मानिन्छ । यी यस्ता कुराहरु हुन् जो रेडीयो, साथीहरु, राजनीतिज्ञहरु वा सामान्य रुपमा हाम्रो वरीपरीको वातावरणबाट सुनी राखिएको हुन्छ । एकप्रकारको गहिरो ज्ञानगुणको कुराझैं यिनीहरुलाई दोहोर्याइ राखिएको पनि हुन्छ। यसमा खतरा के छ भने यी मिथ्याहरु यति सर्वव्यापी छन् की यसलाई आलोचनात्मक रुपमा परिक्षण नै गरिदैंन । यहाँ मेरो प्रस्ताव भनेको यही गर्नु हो ।

*१. बजारहरु अनैतीक वा नैतिकता विहिन हुन्छन् ।*

*बजारहरुले मानिसलाई फाइदाको गण्नाको बारेमा मात्र सोच्न लगाँउछ, शुद्ध र सरल । बजारको लेनदेनमा कुनै नैतिकता हुँदैन र मानव भएका नाताले हामी कसरी अलग छौं भन्न कुरामा कुनै प्रतीबद्धता पनि हुँदैन : आफूलाई के फाइदा छ भन्ने बाहेक सोच्ने हाम्रो क्षमता मात्र नभई कुन् सही हो र कुन् गलत हो, कुन नैतिक हो र कुन अनैतीक। हो भनेर बजारमा सोचिँदैन।*

यो भन्दा असत्य दावी कल्पना गर्न गाह्रो हुन्छ । किनभने कँही पनि लेनदेन वा आदानप्रदान हुनको लागि न्यायको सम्मान हुनु जरुरी छ । जो मानिसहरु लेनदेन वा आदानप्रदान गर्दछन् तिनीहरु खाली लिने मात्र काम गर्ने मान्छेहरु भन्दा फरक हुन्छन् ; लेनदेनकर्ताहरु अरु मान्छेहरुका जायज दाबीहरुप्रति सम्मान देखाउँछन् । वास्तवमा सबैभन्दा पहिला मीनसहरु लेनदेनमा सहभागी हुनुको कारण नै के हो भने उनीहरु अरुसँग भएको वस्तहरु चाहन्छन् तर नैतिकता र नियममा बाँधीई त्यो कुरा त्यतीकै लिँदैनन् । लेनदेन भनेकै स्रोतहरुलाई एक ठाँउबाट अर्कोमा लगाउनु हो ; तसर्थ कुनै पनि लेनदेन एउटा आधार रेखामा मापन गरिन्छ र यसमा यदि लेनदेन नहुने हो भने दूवै पक्षले आफूसँग भएका कुराहरु आफैं सँग राख्छन्। त्यसैले लेनदेनको संरचनामा न्यायको दरीलो आधार हुनु जरुरी छ । यस्तो नैतिक तथा वैधानीक आधारहरु विना कुनैपनी लेनदेन हुन सक्दैन ।

यद्यपि, बजारहरु केवल न्यायको सम्मानमा मात्रै आधाति भएर स्थापना गरीएका हुँदैनन् । मानिसहरुले आफ्नो मात्र नभई अरुहरुको पनि इच्छाहरुलाई ध्यानमा राख्न सक्ने, आफूलाई उनीहरुको ठाँउमा राख्न सक्ने क्षमतामा पनि बजारहरु आधाति हुन्छन्। उदाहरणका लागि एउटा रेष्टुरेन्टवालाले आफ्नो ग्राहकहरु के चाहन्छन् भनेर वास्ता गर्दैन भने, ऊ त्यो व्यापारमा लामो समयसम्म टिक्दैन । यदि त्यहाँको खानाले उनीहरुलाई खुसी पार्न सकेन भने उनीहरु अर्कोपटक आँउदैनन् । ऊ व्यापारबाट बाहीरिने छ । बजारले यसका सहभागीहरुलाई अरुको स्थानमा राखेर हेर्न, उनीहरुको चाहना मनन गरेर ध्यानमा राख्न, उनीहरुले जसरी कुराहरु देख्छन्, त्यसरीनै हेर्ने प्रयास गर्न उत्प्रेरणा दिन्छ ।

बजारहरु हिंसाको विकल्प हुन् । बजारले हामीलाई सामाजिक बनाँउछ । बजारहरुले हामीलाई अरु मानिसहरु पनि महत्वपूर्ण हुन्छन् भनेर सम्झाइ रहेको हुन्छ ।

*२. बजारहरुले लोभ र स्वार्थलाई बढावा दिन्छ।*

*बजारमा मानिसहरु खाली सबभन्दा कम मूल्य पाउन वा सबभन्दा बढी फाइदा कमाउन मात्र खोजीरहेका हुन्छन् । यस्तोमा उनीहरु आफ्नो लोभ र स्वार्थपूर्तिबाट मात्रै उत्प्रेरीत हुन्छन्, न की अरुप्रतिको सरोकारबाट ।*

बजारहरुले लोभ वा स्वार्थलाई न बढावा दिन्छ, न निरुत्साहित गर्छ । यसले सबैभन्दा परोपकारीका साथसाथै सबैभन्दा स्वार्थीलाई पनि आन्नदले आफ्नो उद्देश्यमा चल्न सम्भव बनाँउछ । अरुको सेवामा आफ्नो जीवन समर्पण गर्नेहरुले, आफ्नो सम्पतिको भण्डार बढाउने हेतु भएका मानिसहरु भन्दा बजारलाई कम प्रयोग गर्छन् भन्ने होइन । धेरै सम्पत्ति कमाउने हेतु भएकाहरुमा पनि, कति मानिसहरु अरुलाई सेवा गर्न सक्ने क्षमता बढाउनलाई नै सम्पत्ति संङ्कलन गर्ने गर्दछन् । यसका केही उदाहरण जर्ज सोरोस र विल गेट्स हुन् ; उनीहरुले धेरै पैसा कमाँउनुमा कम से कम उनीहरुको उद्देश्उयको एउटा पक्ष भनेको ठूलो दान दातव्यमुलक क्रियाकलापहरु गर्ने आफ्नो क्षमतालाई बढाउनको लागी हो ।

एक मदर टेरेसाले उनीसँग उपलब्ध सम्पत्ति धेरैभन्दा धेरै मीनसहरुकलाई खाना खुवाउन, लत्ताकपडा दिन र सहजपूर्ण जीवनयापन गर्न मद्दत गर्नको लागी खर्च गर्न चाहन्छिन् । बजारले उनको सहयोगको आवश्यकता भएकाहरुलाई चाहिने कम्बलहरु, खाना र औषधीहरु सबैभन्दा सस्तो मुल्यमा पाउन सम्भव गराईदिन्छ । बजारले सम्पत्ति श्रृजना गर्ने अवसर श्रृजना गर्छ, जुन सम्पत्ति दुर्भाग्यमा फसेका र उपकारको जरुरत परेकालाई मद्दत गर्दै उनीहरुलाई पनि अरुहरुको मद्दत गर्न योग्य बनाउन प्रयोग गर्न सकिन्छ। बजारले उपकारको जरुरत पर्नेहरुलाई उपकार गर्न सम्भव बनाउँछ ।

मानिसहरुको अभिप्रायहरुको पहिचानमा एउटा व्यापक रुपमा गरिने गल्ती भनेको मानिसहरुले आफ्नो हितको लागि गरिएको काम (self interest) लाई स्वार्थ (selfishness) सँग अलमल गरेर बुझ्नु हो । यर्थाथमा बजारमा रहेका मानिसहरुको अभिप्रायहरु उनीहरुको आफ्नो हितमा नीहित उद्देश्यहरु हुन्छन्, तर यसमा पनि हामी अरुहरुको चाहना र हितका बारेमा पनि सचेत हुन्छौं - हाम्रो परिवारका सदस्यहरु, हाम्रा साथीहरु, छिमेकीहरु र केही अपरीचितहरु पनि जो सँग हामी कहिल्यै भेट्दैनौ । र माथि भनेझैं बजारहरुले अरुहरुको जरुरतहरुलाई पनि ध्यानमा राख्न मद्दत गर्छन्, जसमा बिल्कुलै अपरिचित व्यक्तिहरु पनि पर्छन् ।

प्रायः देखाइएजस्तो, मानव समाजको सबैभन्दा गहिरो आधार माया होइन न त मित्रता नै हो । माया र मित्रता भनेको समन्वय र सहयोगद्वारा हुने द्बिपक्षीय हितको फल हो चाहे त्यो सानो समूहमा होस या ठूलो समूहमा । यस्तो द्बिपक्षीय हित विना समाज असम्भव हुनेछ । द्बिपक्षीय हितको सम्भावना विना, टमको राम्रो हुँदा जुन नामक केटीको नराम्रो हुन्छ र त्यसको ठ्याक्कै विपरीत पनि। र उनीहरु कहिल्यै पनि साझेदार, सहपाठी या मित्रहरु हुन सक्दैनन्। बजारले सहयोग र समन्वयलाई वृहत रुपमा उजागर गर्दछ, जसले एकै भाषा नबोल्ने, एउटै धर्म नमान्ने, वा कहिल्यै नभेटेका आपसमा अपरीचित व्यक्तिहरुमा पनि सहयोगलाई सम्भव बनाँउछ । व्यापार तथा व्यापार सहज पार्ने प्रष्ट, राम्ररी परिभाषित र कानूनी रुपमा सुरक्षित सम्पत्तिको अधिकारबाट स्थापित हुन सक्ने लाभले अपरीचितहरुका बीचमा सहयोग र सीमापारी पनि माया र मित्रता सम्भव बनाँउदछ ।

*३. बजारप्रतिको निर्भरताले एकाधीकार निम्त्याँउछ।*

*सरकारको हस्तक्षेप विना स्वतन्त्र बजारमा निर्भर हुँदा सबै कुराहरु केही थोरै ठूला व्यवसायीक संस्थाहरुले मात्रै बेच्ने अवस्था पैदा हुन्छ । बजारले प्राकृतिक रुपमा एकाधीकार श्रृजना गर्दछ, साना उत्पादकहरु नाफाखोर फर्महरुद्वारा च्यापिएर बजारबाट धपाइन्छन्, जबकि सरकारहरु जनताको हित हेर्न अभिप्रेरित हुन्छन् र एकाधीकारलाई रोक्ने काम तथा कारवाही गर्छन्।*

सरकारहरुले इच्छाएको व्यक्तिहरु वा समूहहरुलाई एकाधीकार दिन सक्छन् र प्रायः दिन्छन् पनि ;अर्थात सरकारले अरुहरुलाई बजारमा छिर्न र भैरहेका ग्राहकहरुको सेवामा हुने प्रतिस्पर्धा हुनबाट रोक्दछन्। एकाधीकार भनेको

यही हो। । एकाधीकार एउटा सरकारी निकाय आँफैमा पनि हुन सक्छ, (जस्तैः धेरै देशहरुमा हुने एकाधीकारकृत हुलाक सेवा) वा इच्छाएका कम्पनी, परिवार वा व्यक्तिलाई दिइएको हुन सक्छ ।

के स्वतन्त्र बजारहरुले एकाधीकार स्थापनालाई प्रवर्द्धन गर्छन्? यसमा गर्छन् भनेर सोच्नका लागि त्यति तर्कसंगत कुराहरु छैनन् भने गर्दैनन् भनेर सोच्नका लागि थुप्रै कारणहरु छन्। स्वतन्त्र बजारहरु व्यक्तिको बजारमा प्रवेष गर्ने, बजारबाट निस्कने र उनीहरुको चाहना अनुसार किन्न र बेच्न पाउने स्वतन्त्रतामा आधारित हुन्छ। स्वतन्त्र रुपमा बजारमा प्रवेष गर्ने स्वतन्त्रताका साथ आएका कम्पनीहरुले औसत भन्दा बढी नाफा कमाए भने , उक्त फाइदाले अरु प्रतिस्पर्धीहरुलाई उक्त फाइदामा प्रतिस्पर्धा गर्न आर्कषित गर्छ। केही अर्थशास्त्रका धारणाहरुमा यस्तो काल्पनिक अवस्थाको व्याख्यान पाइन्छ, जहाँ केही निश्चित बजार अवस्थाहरुले निरन्तर "भाडाहरु" ल्याउन सक्छन्, यानकि अवसर लागत भन्दा यथेष्ठ आम्दानी, जहाँ अवसर लागतलाई उक्त स्रोतलाई अन्यत्र प्रयोगमा ल्याँउदा गर्न सकिने आम्दानीको रुपमा परिभाषित गरिन्छ। तर यसको ठोस उदाहरण पाउन भने गाह्रो छ। तैपनि तुलनात्मक रुपमा अरोचक मामला जस्तैकी छुट्टै खालको श्रोतको स्वामीत्व (उदाहरणका लागी रेमब्रान्डको चित्रकला) । त्यसको तुलनामा ऐतिहासिक तथ्यहरुमा साधारण रुपमा सरकारले आफ्नो समर्थन गर्नेहरुलाई विशेष खालको सुविधाहश्र दिएको उदाहरण प्रस्शतै पाइन्छ।

बजारमा पस्न पाउने स्वतन्त्रता र को सँग किन्ने भन्ने स्वतन्त्रताले उपभोक्ताहरुको हितलाई पहिला कुनै वस्तु वा सेवा प्रदान गर्दा प्राप्त हुने त्यस्ता अस्थायी भाडाहरुलाई हटाई प्रर्वधन गर्छ। त्यसको ठीक विपरीत, कसले कस्ता सेवा तथा वस्तुहरु बेच्न पाउने या नपाउने भन्ने कुराको निर्णय गर्ने शक्ति सरकारलाई दिँदा एकाधिकार श्रृजना हुन्छ - इतिहासमा देखिएका वास्तवीक एकाधीकारमूलक व्यवसायहरु-जो उपभोक्ताका लागि हानिकारक हुन्छन् र मानवजातिको उत्पादकत्व, जसमा मानवहरुको विकास निर्भर हुन्छ, त्यसलाई कुठित गर्छन्। यदि बजारले नियमीत रुपमा एकाधीकार ल्याउने भएको भए हामीले यति धेरै मानिसहरु आफ्ना कम बलिया ग्राहक र प्रतिस्पर्धीको लागतमा सरकारसमक्ष आफ्नो लागि एकाधिकार माग्न गएको देख्ने थिएनौं होला। बजारले एकाधिकार ल्याउने भए यी व्यक्तिहरु बरु बजारबाटै एकाधिकार लिन्थे होला ।

सरकार आफैंले सँधै एकाधीकारको अभ्यास गर्न खोजीरहेको हुन्छ भन्ने कुरा जहिले पनि याद गरिराख्नु महत्वपूर्ण छ। सरकारको एउटा पारिभाषीक विशेषता नै के हो भने यसले एउटा निश्चित भौगोलिक क्षेत्रमा बल प्रयोग गर्ने कुरामा एकाधिकारको अभ्यास गरिराखेको हुन्छ । बजार, जो प्रतिस्पर्धा गर्न पाउने स्वतन्त्रताद्वारा परिभाषित छ, यो आफैं भन्दा एकाधीकार प्रतिस्पर्धासँग बढी मित्रवत हुन्छ भनेर हामी कसरी अपेक्षा गर्न सक्छौं?

*४. बजारहरु अचूक जानकारीमा निर्भर हुन्छन् र यसका लागि सरकारले जानकारी उपलब्ध गराउनु जरुरी छ।*

*बजार प्रभावकारी हुनका लागि बजारमा सहभागी सबै आफ्नो कामहरुको लागतका बारेमा पुर्ण रुपले जानाकार हुनु पर्दछ । कसैसँग कसैको भन्दा बढी जानकारी भएमा, यस्तो असमानताले कम प्रभावकारी र अन्यायपूर्ण परिणामहरु निम्ताउँछ । प्रभावकारी र न्योचित प्रतिफल निकाल्नका लागि र बजारसँग नभएका जानकारीहरु उपलब्ध गराउन सरकारले हस्तक्षेप गर्नुपर्छ।*

अरु सबैकुराहरु जस्तै जानकारी पनि सँधै महँगो हुन्छ अर्थात हामीले त्यो कुराको धेरै पाउनका लागि केही कुरा त्याग्नु जरुरी हुन्छ । जानकारी पनि एउटा उत्पादन हो जुन बजारमा किनबेच गरिन्छ; जस्तै हामीहरु धेरै जानकारीहरु भएका किताबहरु किन्छौं किनकी हामीले किताबमा भएको जानकारी ⁄ज्ञान लाई त्यसको लागि हामीले दिनुपर्ने मूल्य भन्दा बढी महत्व दिन्छौं । प्रजातन्त्र जस्तै बजार संचालनका लागि अचूक जानकारीहरुको जरुरत पर्दैन। जानकारीहरु बजारको लागि महँगो हुन्छ तर राजनैतीक सहभागीको लागि निःशुल्क हुन्छ भन्ने मान्यता विध्वंशकारी

हिसाबले नै अव्यवहारिक छ । न त राजनीतिज्ञहरु, न मतदाताहरुसँग नै सम्पुर्ण जानकारी हुन्छ । वास्तवमा राजनीतिज्ञहरु र मतदाताहरुसँग बजारका सहभागीहरु भन्दा आवश्यक जानकारी प्राप्त गर्ने कारण नै हँदैन किनकि त्यहाँ उनीहरुले आफ्नै पैसा खर्च गरेका हुँदैनन् । उदाहरणको लागि, जनताको खल्तीको पैसाबाट खर्च गर्ने हुँदा राजनितिज्ञहरुलाई चाहिने जति जानकारीहरु सर्तकताका साथ लिने मतलब नै हुँदैन जबकि आफ्नै खल्तीबाट पैसाबाट खर्च गर्ने जनताहरुलाई भने हुन्छ।

सरकारको हस्तक्षेपको लागि आउने एउटा साझा तर्क उपभोक्ता र विशेष सेवा प्रदायकहरु बीचको सूचनाको असमानता हो । उदाहरणको लागि स्वास्थ्य सम्बन्धी कुरामा डाक्टर बिरामीभन्दा सँधैजसो बढी जानकार हुन्छन् र त्यसैले हामी हामी आफैँले आफ्नो उपचार नगरी डाक्टरकोकमानै जान्छौं । यसो हुनाले उपभोक्ताहरुलाई कुन डाक्टर धेरै विज्ञ छन्, उनीहरुले राम्रो उपचार पाइरहेका छन् कि छैनन् या उनीहरुलाई धेरै पैसा तिर्नुपर्ने भएको छ कि भन्ने जस्ता कुराहरु थाहा पाउने कुनै उपाय छैन भन्ने आरोप सुनिन्छ । त्यस्तो हुँदा सरकारबाट इजाजत दिई लाइसन्स दिने कुरालाई यसको हलको रुपमा प्रस्तावित गर्न सकिन्छ, जहाँ डाक्टरहरुले ईजाजत लिएर लाइसन्स प्राप्त गरेपछि मानिसहरु विज्ञ, क्षमतावान र आफ्नो काममा प्रष्ट डाक्टर छ भन्ने कुरामा विश्वस्त हुन सक्छन् । तर लाइसन्स, स्वास्थ्य तथा अन्य व्यवसायमा गरिएको अध्ययनको प्रमाणले भने यसको विपरीत नतिजा देखाउँछ । बजारमा कुन सुविधा कस्तो हो भन्ने कुरामा श्रेणीहरु देखिन्छ भने लाइसन्स दिने व्यवस्थामा खाली दुई वटा पक्ष हुन्छ, या त कसैले लाइसन्स पाएको छ, या कसैले छैन । त्यसमाथि पनि लाइसन्सवाला व्यवसायहरुमा यदि " अव्यवसायीक व्यवहार" देखाएमा लाइसन्स अर्थात इजाजत नै रद्ध गीरने प्रथा त झनै सर्वव्यापी छ जसमा प्राय विज्ञापन गर्नुलाई पनि लिइन्छ । तर प्रचार गर्नु भनेको वस्तु र सेवाको उपलब्धता, तिनीहरुको तुल्नात्मक गुणस्तर र मूल्य सम्बन्धी सुचना दिनको लागी बजारले विकास गरेको माध्यम हो । इजाजत प्रदान गर्ने व्यवस्था यानकि लाइसन्स बजार सूचनाको असमानताबाट उत्पन्न हुने समस्याको समाधान होइन, बलकि कारक हो ।

*५. सामाजिक स्थिति जति जटिल हुन्छ, त्यती बजारमा कम निर्भर हुन सकिन्छ र त्यती नै धेरै सरकारको निर्देशनका खाँचो पर्छ ।*

*बजारमाथिको विश्वस्तताले त्यतिवेला राम्रो सँग काम गऱ्यो जब सामाजिक व्यवस्था कम जटिल थियो, तर आर्थीक र सामाजीक सम्बन्धहरु अत्याधीक रुपमा वृद्धि हुँदै जाँदा,यति धेरै मानिसका क्रियाकलापहरु निर्देशन र समन्वय गर्न सरकारको जरुरत पर्छ।*

यसको ठीक विपरित सत्य हो। एउटा साधारण सामाजिक व्यवस्था, जस्तै सिकारीहरुको समूहलाई प्रभावकारी रुपमा एउटा नेतृत्व गर्ने व्यक्तिको अनुशासान लागू गर्ने शक्तिद्वारा समन्वय गर्न सकिन्छ । तर जब सामाजिक सम्बन्धहरु बढी जटिल हुँदै जान्छन्, स्वेच्छिक बजार लेनदेनमा निर्भरता बढ्छ, नकि घट्छ। एउटा जटिल सामाजिक व्यवस्थामा एउटा दिमाग वा दिमागहरुको समूहले बसमा ल्याउन सक्ने भन्दा बढी जानकारीहरुको समन्वय गर्न सक्ने विज्ञताको आवश्यकता पर्दछ । बजारहरुले तुलनात्मक रुपमा कम लागतमा सूचना प्रवाह गर्ने संयन्त्रहरुलाई विकसीत गरेको छ; माग र पूर्ति सम्बन्धी सूचनालाई यस्ता एकाइको रुपमा मूल्यले राम्ररी समेट्दछ, जुन फरक-फरक वस्तुहरु र सेवाहरु सँग तुलनायोग्य हुन्छ र जुन सरकारको विशाल कर्मचारीतन्त्रका ठूला प्रतिवेदनले पनि गर्न सक्दैनन्। त्यसमाथि पनि, मूल्य विभिन्न भाषाहरुमा समेत अनुवादीत हुन्छ, सामाजीक अस्तीत्व र नैतिकता तथा धार्मीक विभाजनहरुको पार पनि मूल्यका कुरा बुझिन्छ र कहिल्यै कुनै किसिमको सम्बन्ध नहुने हजारौं माइल टाढाको अपरिचित मानिसहरुसँग भएको ज्ञानको फाइदा लिने अवसरको श्रृजना पनि यसले गर्छ । अर्थतन्त्र र समाज जति विशिष्ट र जटिल हुन्छ, त्यती नै बजारको संरचनामा निर्भर हुनु आवश्यक बन्दै जान्छ ।

*६. बजारहरु विकासशील देशहरुमा काम गर्दैन।*

*बजारले भौतिक संरचना र कानुनी संयन्त्र राम्रोसँग विकसीत भइसकेका देशहरुमा राम्रोसँग काम गर्दछ, तर तिनीहरुको अनुपस्थीतीमा विकासशील देशहरुले श्रोतहरुलाई बजारको हातमा दिने सामर्थय राख्न सक्दैन । यस्तो अबस्थाहरुमा, सरकारको निर्देशन आवश्यक हुन्छ, कम से कम बजारलाई काम गर्ने स्थान दिन सक्ने भौतिक संरचनाहरु र कानूनी संयन्त्रको राम्रोसँग विकास नभइन्जेल सम्म ।*

सामान्यतः भौतिक संरचनाहरुको विकास भनेको बजारद्वारा गरिएको सम्पत्ति संकलनको लक्षण हो, बजारको रहनको लागि चाहिने अवस्था, र कानूनी संयन्त्रको असफलता नै बजार अल्पविकसित हनुको कारण हो । तर त्यो असफलता कानूनी संयन्त्रको सुधारको लागि बलियो कारण हो ताकि यसले बजार विकासको लागी आधार दिन सकोस्, नकि कानूनी सुधार र बजार विकासलाई पछाडी धकेल्न। विकसित देशहरुझैं धन आर्जन गर्ने एउटा मात्र बाटो भनेको बजारको लागी कानूनी र संस्थागत आधारहरुको सृजना गर्नु हो ताकि उद्यमीहरु, उपभोक्ताहरु, लगानीकर्ताहरु र कामदारहरु सवैले सम्पत्ति श्रृजनामा स्वतन्त्ररुपमा सहकार्य गर्न सकुन् ।

अहिलेका सबै समृद्ध देशहरु कुनैबेला साह्रै गरिब थिए, ती मध्ये केही ताजा सम्झनामा नै। गरीबिको बयान गर्न जरुरी छैन किनकी यो त मानव जातीको प्राकृतिक स्वरुप हो । बयान त सम्पत्तिको गर्नु जरुरी छ। सम्पत्ति श्रृजना गर्नु पर्छ र त्यो सुनिश्चित गर्ने उत्कृष्ट तरिका भनेको मानिसलाई त्यसो गर्नको लागि सम्भावय लाभहरु पैदा गरि देखाउन सक्नु हो । राम्रोसँग परिभाषीत तथा वैधानिक रुपले सुरक्षित निजी संम्पत्तिको अधिकार र कानूनी व्यवस्थाहरुमा आधारित भएर लेनदेन सहज गर्ने खुल्ला बजारभन्दा सम्पत्ति श्रृजना गर्न अभिप्रेरित गर्ने कुनै पनि व्यवस्थाको आविष्कार गरिएको छैन। गरिबिबाट बाहिर आउने एउटै बाटो छ जुन खुला बजारको माध्यमबाट सम्पत्ति श्रृजना गर्नु हो ।

"विकाससील राष्ट्र" भन्ने नाम बारम्बार गलत रुपमा लागु गरिएको पाइन्छ जब यो ती राष्ट्रहरुमा प्रयोग गरीन्छ जसले सरकारको केन्द्रीय योजना, राष्ट्रको स्वामीत्व, वाणिज्यवाद, संरक्षणवाद र विशेष सुवीधाको हितका लागी बजारलाई अस्वीकार गरेका छन्। वास्तवमा त्यस्ता राष्ट्रहरु विकासशील होइनन् । ती राष्ट्रहरु विकाससील हुन् चाहे ती तुलनात्मक रुपमा धनी या दरीद्रताबाट शुरुवात गरेका हुन्, जसले सम्पत्ति र करारका कानूनी व्यवस्थाहरु, खुला बजार र न्यून सरकारी शक्ति, बजेट र पहुँचको हस्तक्षेपलाई न्यून गरेका छन् ।

## Do we really have a free market economy?

Around the world, the growing consensus is that free markets and entrepreneurship are the most effective tools for tackling poverty and bringing growth and innovation to every nation. They are the primary sources of prosperity. In Nepal, however, free markets don't seem to enjoy the same kind of respect like they do in other parts of the world. The general notion is that Nepal is a free market economy and the sorry state of affairs is largely due to markets being too free. Anything that could go wrong and that has gone wrong is being blamed upon free markets. Political speeches invariably eulogize central planning and authoritarian state. Newspapers are rife with articles condemning free markets. Talk shows conclude with demanding more regulations and expanded role of the government. Ideological rhetoric rather than the facts or logic reign in the public debates. A foreigner would surely have the impression that, Nepal must be the epitome of failure of free markets.

So, are free markets and liberalization the most pertinent aspects of Nepalese economy? Hardly so. Economic Freedom of the World report, an annual report prepared by Fraser Institute, an independent Canadian think tank with collaboration of more than 80 other think tanks around the world ranks Nepal as 125$^{th}$ most economically free nation out of the 141 nations the survey is carried out in. The report uses only secondary and objective data rather than rhetoric to formulate the rankings which makes it difficult to refute its findings. Contrary to the prevailing opinions, Nepalese economy is miles away from being a free market and the miserable performance until now, can largely attributed to the lack of free markets.

It could come as a surprise to the critics of free markets in Nepal that even China, the so called communist country ranks at 82$^{nd}$ position in the report way ahead of us, the so called liberal economy. Another neighbor of ours, India who has written socialism as the only tolerable political ideology in the constitution ranks at 87$^{th}$ in terms of economically free nation.

### Free Market: What does it look like?

Free market is a summary term used to refer to all the voluntary exchanges that take place in a society. The existence of free market implies that the exchanges in a society take place voluntary without the use of any force or tools of coercion.

When translated into policies, free markets mean lack of price controls, lack of subsidies to one group at the expense of other, security of property and lives of every citizen, easy and affordable mechanism to enter into a business , run it and close it down if needed, enforcement of rules and regulations that encourage competition and discouragement of market distorting forces like monopoly and cartels, presence of necessary regulations to save people from fraud and theft but lack of over-burdening regulations that prevent people from making their own choices without harming anyone else, proper enforcements of contracts between people, fast, affordable and independent judiciary system, low inflation rates and lack of deficit budgeting, promotion of free trade and foreign investment,

transparency in government policies and expenditures, flexible labor laws, low tax rates among other things.

## Freeing Nepal's Market

Nepal's economy with more than 70 percent of work force still employed in traditional and subsistence farming and informal sector as the dominant sector of the economy and absence of any major industries can be classified as 'pre capitalistic' economy. A pre capitalist economy is typically very poor with few if any of the institutions associated with free markets. The late advent of democracy, more than 3 decade's long autocracy, the dominance of left leaning political parties has hardly done anything that could develop Nepal into a well functioning free market economy. The bulk of the power and wealth is held by the state and a small group of individuals and families which is the characteristics of feudalism or oligarchic capitalism at best.

Lack of stable policies, security of property rights, wide spread corruption, irresponsible government spending and lack of rule of law plague Nepalese economy. The state has continuously suppressed private sector development and politically instability has left the country devoid of any economic reform plans or strategies. Lack of infrastructure development and protectionist approach to handling economy has resulted in Nepal's economy lacking the entrepreneurial dynamism that would propel economic growth and long-term economic development.

Government created monopolies like Nepal Oil Corporation and Nepal electricity authority continue to be a drain in the economy. State owned enterprises such as Janakpur cigarette factory have accumulated billions of rupees as losses and debts. Almost all of the state owned enterprises are suffering losses and mismanagement of properties. Monopoly of Nepal electricity authority, mismanagement, corruption in hydropower license distribution has resulted in country suffering for more than 14 hours of power cuts and whatever industries that are left are being crippled by the power crisis.

Anti-employer labor laws and politicization of labor unions have made Nepal one of the most difficult countries to fire an incompetent worker. Dominance of political agendas within the industries and the militant labor unions let businesses run not more than 6 months in a year. Nepotism and favoritism in distribution of licenses and promotion of industries had resulted in oligarchy in almost every sector of the economy.

Anti-competitive practices like price fixing, syndicates and cartels in every sector have driven the costs of goods and services to general public tremendously and have made formal sectors of the economy virtually inaccessible to the poorer and less powerful segment of the populace. Burdensome and costly regulations to start up, run or close down a business has forced the majority of the population to remain within the informal or extralegal sector.

The policies allowing and empowering the politicians and government bureaucrats to make decisions as per their discretion has created such an avenue for corruption that corruption is the norm rather than the exception in any government procedures. Nepal ranks 146$^{th}$ in the Transparency International's Corruption Perception Index making it one of the most corrupt countries in the world.

Similarly, Nepal ranks 100th out of 129 countries in International Property Rights Index which can provide a glimpse of how insecure the lives and properties of Nepalese citizens are. Property stealing and grabbing culture spearheaded by the political parties themselves has instilled fear and insecurity among people discouraging investment and entrepreneurship. In such a scenario, calling Nepalese economy a free market economy and blaming free markets for the sorry state of affairs is not just naivety but outright lie.

Critics of free markets or liberal economy tend to forget that the very newspaper that publishes their opinions or the very television channel that airs their views is the outcome of the limited liberalization of the early 1990s. Proponents of central planning tend to forget that more and more rural population is entering is being absorbed by the expanding informal sector and helping them realize their own dreams. The ardent supporters of collectivism and nationalization forget the fact that Nepalese now have access to latest banking facilities such as ATM and electronic banking and yet are forced to spend 14 hours a day without lights or electricity.

The worshippers of state owned enterprises don't realize the fact that had it not been for the competition between different telecommunication service providers, they would still have to wait half a decade to get a telephone line and wouldn't have been able to afford a cell phones at all. Perhaps these people take these benefits for granted or perhaps they are too busy in the historical debate to notice that the debate has already ended and free markets are changing the lives of both rich and poor people around the world except for some few still dark corners of the world such as Nepal.

**-Surath Giri**

**(Published in The Himalayan Times of 25th March 2011.)**

## Question to think about:

Do markets promote selfishness and immorality?

Do you think Nepal's experience so far can be categorized as free market oriented?

Profit making, business, entrepreneurship tend to have a strong negative connotations attached with them in our society. What could be the reasons?

Will free markets work in poor and backward country like Nepal? Why? Why not?

What specific policy changes could Nepal adopt to free up the markets?

Nepal's perform very badly in the labor regulations aspect in the economic freedom index which implies Nepal's labor laws and policies are against free market principles? Can you relate our labor scenario with the poor performance?